रौतामाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुट्टार, उदयपुर
कोशी प्रदेश,नेपाल
स्थानीय राजपत्र

खण्डः ९ संख्याः ३ मितिः२०८२ पौष २० गते

भागः १

# रौतामाइ गाउँपालिका युवा तथा खेलकुद विकास कार्यविधि, २०८२

प्रस्तावना,

रौतामाई गाउँपालिका क्षेत्र भित्र रहेका यूवाहरुको खेल क्षेत्रका विभिन्न विधामा क्षमता विकास गरी यूवाहरुलाई खेलकुदको माध्यमबाट उद्यमी, स्वरोजगारी बनाई खेलकुद विकास विस्तारमा सहभागी गराउन तथा अनुशासन, विकास र गतिशिलताको पर्यायको रुपमा रहेको खेलकुद क्षेत्रलाई स्वस्थ, मर्यादित र प्रतिस्पर्धात्मक तवरबाट सञ्चालन गरी हार जीतलाई सहज रुपमा लिने परीपाटीको विकास गरी, आपसी विश्वास, सहकार्य, समन्वय र एकताको माध्यमबाट सामाजिक सद्भाव कायम गर्दै राष्ट्रिय अन्तराष्ट्रिय रुपमा देशको पहिचान गराउन/गर्न वाञ्छनीय भएकोले रौतामाई गाउँकार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १५ को दफा १०२ को उपदफा (१) र रौतामाई गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी रौतामाई गाउँपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद – १

नाम र परिभाषा

१) संक्षिप्त नाम र प्रारम्भ: यो कार्यविधिको नाम "रौतामाई गाउँपालिका युवा तथा खेलकुद विकास कार्यविधि, २०८२"रहनेछ।

२) परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क."कार्यविधि" भन्नाले"रौतामाई गाउँपालिका युवा तथा खेलकुद विकास कार्यविधि,२०८२" भन्ने सम्झनु पर्दछ ।

ख."युवा तथा खेलकुद विकास समिति"भन्नाले दफा ४ बमोजिमको गठित पालिका स्तरीय खेलकुद विकास समिति भन्ने सम्झनुपर्छ।

ग."टिम, क्लव, संघ, संस्था र समिति" भन्नाले रौतामाई गाउँपालिकामा तोकिए बमोजिम दर्ता भएका रौतामाई गाउँपालिका क्षेत्रभित्रका टिम, क्लब, समिति र संघ संस्थाहरु भन्ने सम्झनु पर्छ ।

घ."खेलाडी" भन्नाले टिम, क्लव, संघ संस्थासंग सम्वद्ध खेलाडी भन्ने सम्झनु पर्छ ।

ङ."प्रशिक्षार्थी" भन्नाले पालिका खेलकुद विकास समितिद्धारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, टिम, क्लव, संघसंस्थामा सम्वद्ध सिकारु खेलाडी भन्ने सम्झनुपर्छ ।

प्रमाणित गर्ने:-
टिलाराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण गर्ने:-
अध्यक्ष

च."प्रशिक्षक" भन्नाले रौतामाई गाउँपालिकाद्वारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी भई प्रशिक्षण गर्न सक्ने व्यक्ती वा सम्वद्ध विषयगत खेलकुद प्रशिक्षक भन्ने सम्झनु पर्छ ।

छ."पालिका" भन्नाले रौतामाई गाउँपालिकालाई सम्झनु पर्छ ।

ज."कार्यापालिका" भन्नाले रौतामाई गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनुपर्छ ।

झ."संरक्षक" भन्नाले रौतामाई गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

ञ."अध्यक्ष" भन्नाले रौतामाई गाउँपालिकाले गठन गरेको युवा तथा खेलकुद विकास समितिको अध्यक्षलाई सम्झनुपर्छ।

ट."प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रौतामाई गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

ठ."पदाधिकारी" भन्नाले रौतामाई गाउँपालिकाको युवा तथा खेलकुद विकास समितिको अध्यक्ष, सचिव, कोषाध्यक्ष र अन्य सदस्य समेतलाई सम्झनुपर्छ।

## परिच्छेद – २
## उद्देश्य

३) युवा तथा खेलकुद विकास समितिको उद्देश्यहरु

क.गाउँको कला, संस्कृति र खेलकुदको विकास र प्रतिष्ठा अभिवृद्धिमा खेलकुदको माध्यमले योगदान पुर्याउने ।

ख.गाउँ भित्र खेलकुद प्रतियोगिता सञ्चालन गर्न तथा सम्वद्द खेल प्रशिक्षण निकायका वीच समन्वय गरी खेल विकास गर्न सहयोग गर्ने ।

ग.स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई देशभक्त, स्वाभिमानी, समाजप्रति उत्तरदायी, अनुशासित,परिश्रमी, नैतिकवान्,जागरुक, परिवर्तन प्रति सचेत नागरिक तयार गर्ने।

घ.टोल, गल्ली, चोक र सडक आदिलाई स्वच्छ र सफा राख्न खेलकुद संघसंस्थाहरुलाई परिचालन गर्ने ।

ङ.खेलकुदको माध्यमवाट गाउँबासीहरुलाई नागरिक भावनाप्रति सचेत गराउने ।

च.खेलकुदमा महिला सहभागिता अभिवृद्दि गर्न प्रोत्साहन गर्ने ।

छ.खेलकुद विकासको निम्ति भौतिक पूर्वाधारहरु तयार गर्न विभिन्न सामाजिक संस्था, विद्यालय र सरकारी निकायहरुलाई पनि सरिक गराउने ।

ज. खेलकुद गतिविधिहरुलाई संस्थागत रुपमा विकास गर्दै लैजाने ।

झ. रौतामाई गाउँपालिका भित्रवाट राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सक्ने योग्य खेलाडिहरु उत्पादन गर्नुका साथै अन्तर्राष्ट्रिय क्षेत्रमा समेत देशको प्रतिष्ठा बढाउने ।

ञ. टिम, क्लव, संघसंस्था, विषयगत खेल प्रशिक्षण समिति, वडास्तरीय खेलकुद समितिहरुको व्यवस्थापन गर्ने गराउने ।

लिलाराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्र कुमार लामा
अध्यक्ष

ट.गाउँपालिका अन्तर्गतका शैक्षिक संस्थाहरुमा खेलकुद प्रशिक्षकहरुको व्यवस्थापन गर्न प्रोत्साहन गर्ने ।

ठ.युवा तथा खेलकुद विकास समिति अन्तर्गत प्रशिक्षकहरुलाई स्तरीकरण गर्ने तालिमको व्यवस्था गर्ने ।

परिच्छेद – ३
गठन र बैठक कार्यविधि

४)युवा तथा खेलकुद विकास समितिको गठन ।

क.रौतामाई गाउँपालिका स्तरीय युवा तथा खेलकुद विकास समितिको गठन देहाय बमोजिम पदाधिकारी रहने गरी गरिनेछ ।

१.प्रत्येक वडाबाट प्रतिनिधित्व हुने गरी जुझारु क्रियाशील युवाहरू मध्येबाट १/१ जना गरी कम्तिमा ३ जना महिला प्रतिनिधित्वहुने गरी - ८ जना सदस्य ।

२.समावेशीता प्रतिनिधित्वहुनेगरी दलित, महिला, अपाङ्गता र पिछडिएको जातजातिबाट -३ जना सदस्य ।

३. गठित समितिले स्थानीय खेलप्रेमी वा प्रशिक्षक समाजमा विशेष योगदान पुऱ्याएको व्यक्ति मध्येबाट २ जना मनोनित गर्नेछ ।

-२ जना सदस्य ।

ख)उल्लेखित समितिको गठन गाउँपालिकाले सूचना गरी सवै वडाहरुमा जानकारी गराई सवै युवाहरूको प्रतिनिधित्व हुने गरी गाउँपालिकाको रोहवरमा समिति गठन गरिनेछ ।

ग)गठित समितिको पहिलो बैठकले सदस्यहरु मध्येबाट अध्यक्ष, सचिव र कोषाध्यक्षको छनोट सर्वसहमति वा बहुमतको आधारमा हुनेछ ।

घ)वडा स्तरमा वडा स्तरीय युवा तथा खेलकुद विकास समिति गठन गर्न सकिनेछ ।

ङ)युवा तथा खेलकुद विकास समितिको पदावधि गठन भएको मितिले ३ वर्षको हुनेछ ।

च)अध्यक्षले कुनै कारणले पदवाट राजिनामा दिन चाहेमा समिति समक्ष र सदस्यले खेलकुद विकास समिति अध्यक्ष समक्ष राजिनामा दिनु पर्नेछ ।

छ) पदावधि वाकी हुँदै कुनै कारणवाट पद रिक्त भएमा निज जुन प्रकारले नियुक्ति भएको हो सो पदमा बाँकी अवधिका लागि सोही प्रकारले अर्को सदस्य मनोनयन हुनेछ ।

ज) समितिको कुनै सदस्यको कार्यसम्पादन सन्तोष जनक नदेखिएको भनि समितिले ठहर गरेमा कुनैपनि पदाधिकारी वा सदस्यलाई पदवाट हटाउन वा फिर्ता वोलाउन सक्नेछ । साथै त्यसरी रिक्त भएको पदमा बाँकी अवधिका लागि जुन प्रकारले नियुक्ति भएको छ सोही प्रकारले नयाँ मनोनयन गर्न सक्ने छ ।

शिवराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्र कुमार मगर
अध्यक्ष

झ) अध्यक्षको आदेश अनुसार सचिवले समितिको बैठक आह्वान गर्नेछ । एकतिहाई सदस्यहरुले मनासिब माफिक कारण देखाई अध्यक्ष समक्ष बैठक बोलाउन लिखित अनुरोध गरेमा अध्यक्षले ७ दिन भित्र बैठक बोलाउनु पर्नेछ ।

ञ)अध्यक्षको अनुपस्थितिमा सदस्यहरु मध्येको जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

ट) समितिको कुल सदस्यको ६०% (साठी प्रतिशत) सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिने छ

ठ) समितिको बैठक ३/३ महिनामा अनिवार्य वस्नु पर्नेछ । विशेष परिस्थितिमा आवश्यकता अनुसार बैठक बस्न सक्नेछ ।

ड) बैठकको निर्णय उपस्थित सदस्यको बहुमतले हुनेछ । लगातार ३ वटा बैठकमा कुनै सदस्य अनुपस्थित भएमा अध्यक्ष समक्ष लिखित जवाफ पेश गर्नुपर्नेछ ।

ढ) बैठक सम्बन्धी अन्य व्यवस्था समितिले आफै तयार गरे बमोजिम हुनेछ ।

ण) युवा तथा खेलकुद विकास समितिको सचिवालय आफ्नै छुट्टै कार्यालय नभएसम्मको लागि गाउँपालिकाको कार्यालयमा रहनेछ ।

५) समिति पदाधिकारी तथा सदस्यमा मनोनयनका लागि देहायवमोजिम योग्यता पुगेको हुनपर्नेछ ।

क. १८ वर्ष उमेर पुगेको नेपाली नागरिक ।

ख. पालिका क्षेत्रभित्रको स्थायी वासिन्दा भएको ।

ग. खेलकुदको क्षेत्रमा महत्वपूर्ण योगदान दिएको ।

घ. प्रचलित कानुनले अयोग्य नभएको ।

६)अध्यक्षको काम, कर्तव्य र अधिकार

क.पालिका खेलकुद समितिको बैठकको अध्यक्षता गर्ने र निर्णय कार्यान्वयन गर्ने मुख्य उत्तरदायित्व अध्यक्षको हुनेछ ।

ख. खेलकुद प्रतियोगिताहरुको वार्षिक कार्ययोजना तयार गरी कार्यक्रमहरुको आयोजना, संचालन तथा व्यवस्थापन गर्ने, गराउने ।

ग. जिल्ला, स्थानीय/प्रदेश राष्ट्रिय/अन्तराष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगिताहरुमा गाउँपालिकाको प्रतिनिधित्व गर्ने ।

घ. पालिका खेलकुद विकास समितिको बैठक बस्न नसकेको अवस्थामा गाउँपालिकामा गर्नु पर्ने सम्पूर्ण सिफारिसहरु गर्ने ।

ङ. समितिले तोकेको अन्य कार्यहरु गर्ने /गराउने ।

७ सचिवको काम, कर्तव्य र अधिकार

क) अध्यक्षको आदेशमा समितिको बैठक तथा भेला बोलाउने,

ख) छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने,

ग) समितिको क्रियाकलापको वारेमा सदस्यलाई जानकारी गराउने,

...राज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्र कुमार थगर
अध्यक्ष

घ) समितिले तोकेको अन्य कार्य गर्ने ।

८. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

क) आम्दानी खर्चको हिसाब किताब दुरुस्त राखे,

ख) संस्थाको नगद र जिन्सी समानको जिम्मा लिइ सुरक्षित राखे,

ग) समितिको निर्णय अनुसारका अन्य कोष सम्बन्धी कार्य गर्ने ।

९) समितिको काम, कर्तव्य र अधिकार

क. समग्र खेलकुद क्षेत्रको योजनाबद्ध विकास र सम्बर्धन गर्ने ।

ख. गाउँपालिका तथा अन्य संघ संस्थासँग समन्वय र सहकार्य गर्ने ।

ग. सम्बद्ध कार्यका लागि वार्षिक योजना तयार गरी गाँउ सभाको बैठक अगाडी गाउँपालिका अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृत समक्ष पेशगर्ने ।

घ. गाउँपालिका वा गाउँ सभाले स्वीकृत गरेको खेलकुद सम्वन्धि कार्यक्रमहरु संचालन गर्ने गराउने ।

ङ. खेलकुद क्षेत्रका प्रतियोगिताहरु आयोजना गर्न सहयोग गर्ने ।

च. खेलाडी, प्रशिक्षक, निर्णायकहरुलाई तालिम तथा प्रतियोगिताहरुमा सहभागी गराउने ।

छ. खेल विषयमा विद्यालय स्तरमा छलफल तथा अन्तरक्रिया गरी शैक्षिक क्रियाकलाप संचालन गर्ने/गराउने ।

ज. खेलकुद क्षेत्रमा क्रियाशील व्यक्तिहरुलाई सम्मानित, पुरस्कृत गर्न सिफारिस गर्ने र समितिले सम्मान, पुरस्कृत गर्ने,

झ. खेल र खेलकुद क्षेत्रको अध्ययन अनुसन्धान, प्रकाशन गर्ने र खेलाडी, प्रशिक्षक, व्यवस्थापनहरुको बारेमा कृति प्रकाशन गर्ने,

ञ. खेलकुद क्षेत्रको विकासको लागि भौतिक निर्माण, कवर्डहल, खेल मैदान, खेलाडी उत्पादन, प्रशिक्षक तथा निर्णायक व्यक्ति उत्पादन र स्तर वृद्धिको योजना बनाई गाउँपालिका तथा अन्य सम्वद्द निकायमामा पेश गर्ने,

ट. वडासम्म खेलकुद विकास गर्न वडास्तरमा समेत खेलकुद समिति गठन र कार्यक्रम संचालन गर्ने,

ठ.विभिन्न विधाका प्रतिस्पर्धात्मक खेल आयोजना गर्ने,

ड.गाउँपालिका वा अन्य निकायले आयोजना गरेका खेलकुद कार्यक्रममा आमन्त्रण गरिएमा रौतामाई गाउँ क्षेत्रभित्रका खेलाडी टीम वा क्लवलाई आवश्यकता र औचित्यका आधारमा सहभागी गराउने,

ढ.खेलकुदको विकासका लागि संघीय सरकार, प्रदेश सरकार र अन्तर स्थानिय सरकारसँग सम्पर्क, समन्वय र सहकार्य गर्ने,

ण.खेलकुद विकासका लागि योजना बनाई गाउँपालिकाको स्वीकृतिमा खेलकुद कार्यक्रम सञ्चालन गर्ने,



शिलाराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्र कुमार
अध्यक्ष

त. खेलकुद विकासको लागि आवश्यकता अनुसार सम्भव भएसम्मम प्रत्येक वडामा खेल मैदानको निर्माण गरी संरक्षण तथा रेखदेख गर्ने ।

**१०) खेलकुद विकास संरक्षण समिति**

क) युवा तथा खेलकुद विकास समितिलाई आवश्यक निर्देशन दिन तथा समन्वयकर्ताको भूमिका निर्वाह गर्नका लागि देहायको एक खेलकुद विकास संरक्षण समिति रहने व्यवस्था गरिएको छ ।

१. गाउँपालिका अध्यक्ष– संरक्षक

२.गाउँपालिकाउपाध्यक्ष – सदस्य

३.सामाजिक विकास समितिको संयोजक – सदस्य

४.प्रमुख प्रशासकीय अधिकृत – सदस्य

५. शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख – सदस्य

## परिच्छेद – ४
## संस्था दर्ताको व्यवस्थापन

११) पालिकाको ऐन नियम तथा कार्यविधि बमोजिम संस्था दर्ता गरी नियम अनुसार कार्यक्रम गर्न सक्नेछ ।

## परिच्छेद – ५
## कार्यक्रम संचालन

१२) कार्यक्रम संचालन तथा व्यवस्थापन

क) युवा तथा खेलकुद विकास समितिले गाउँपालिकासँगको परामर्शमा देहाय बमोजिमका कार्यक्रमहरु संचालन गर्न सक्नेछ

१. पालिका क्षेत्र भित्र खेलकुद लगायत विविध क्रियाकलापहरु संचालन गर्नेछ ।

२. खेलकुद विकासको लागि सभा, सम्मेलन, गोष्ठी गर्ने वा गराउन सक्नेछ ।

३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएका खेलाडी वा प्रशिक्षकको सम्मानमा बधाइ तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्नेछ ।

४. पालिकाको कला, संस्कृति र खेलकुद विकासको लागि आवश्यकता अनुसार टीम, क्लव, संघ संस्थाका प्रतिनिधिहरुको याली वा वैठक बोलाउन सक्नेछ ।

५. राष्ट्रिय, अन्तराष्ट्रिय खेलाडी, प्रशिक्षक टीमहरुलाई स्वागत कार्यक्रम गर्न सक्नेछ ।

६. यस कार्यविधि बमोजिम कुनैपनी खेलाडिहरुको खेलकुद खेल्ने क्रमको दुर्घटना विमा गर्न सक्नेछ ।

तिलकराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्र कुमार भण्डार
अध्यक्ष

## परिच्छेद – ६
## कोषको व्यवस्था

१३) खेलकुद विकास कोषको व्यवस्थाः

क. खेलकुद सम्बन्धी तालिम, प्रशिक्षण, प्रतियोगिता लगायतका क्रियाकलापका लागि युवा तथा खेलकुद विकास कोषमा देहाय बमोजिमिपका रकम हुनेछ ।

१. गाउँपालिकाले खेलकुद शीर्षकमा विनियोजित रकम ।

२.नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद्, प्रदेश सरकार, जिल्ला खेलकुद विकास समिति र अन्तराष्ट्रिय संघ, संस्था वा कुनै व्यक्तिवाट नगद तथा चल/अचल सम्पत्ति ।

३. विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएको रकम ।

४. गाउँपालिका, अन्य सरकारी निकाय तथा गैरसरकारी संघसंस्थासँग खेलकुद विकास तथा कार्यक्रम सचालनका लागि सम्झौता बमौजिम प्राप्त रकम ।

५. पालिकाभित्र टिम, क्लबबाट आवेदन शुल्क, फारम शुल्क र प्रशिक्षणबाट प्राप्त शुल्क ।

६. समितिले प्राप्त गरेको पुरस्कार, चन्दा र सहयोग रकम । (खेलकुद प्रतियोगिताबाट प्राप्त गरेको पुरस्कार रकमको २० प्रतिशत रकम कोषमा जम्मा गर्नु पर्नेछ ।

७. अन्य स्रोतबाट प्राप्त रकम ।

ख) कोषको रकम युवा तथा खेलकुद विकास समितिको निर्णयानुसार रकम खर्च गरिनेछ । समितिको बैठक बस्न नसकेको अवस्थामा खर्च गर्नुपर्ने भएमा अध्यक्षको अनुमतीले सचिवले त्यस्तो खर्च गरी त्यसपछि बस्ने समितिको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

ग) कोषको रकम खेलकुद गतिविधि सञ्चालनका अतिरिक्त खेलकुद पूर्वाधार निर्माण, मर्मत सम्भार तथा सामाग्री व्यवस्थापनमा समेत खर्च गर्न सकिनेछ ।

घ) खेलकुद सम्वन्धी आम्दानी खर्चको हिसाबको स्रेस्ता समितिले तोकेको ढाँचामा राख्नु पर्नेछ ।

ङ) कोषको परिचालन मान्यता प्राप्त 'क' वर्गको वैंकमा समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतवाट सञ्चालन हुनेछ ।

## परिच्छेद – ७
## समिति विघटन र जरिवाना

१४) जरिवानाः दर्ता भएका खेलकुद सम्बन्धी संस्थाहरुले नवीकरण नगराएमा गाउँपालिकाको स्वीकृत आर्थिक ऐन बमोजिम जरिवाना गरिनेछ।

लिलाराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्र कुमार मुगर
अध्यक्ष

क. पाँचवर्ष भन्दा बढी समय सम्म पनि नवीकरण नगर्ने संस्थालाई दर्ताको सूचीबाट हटाइनेछ। यसरी समयमै नवीकरण नगरी दर्ताको सूचीबाट हटिसकेको संस्थामा संलग्न कार्यकारी समितिका व्यक्तिको अर्को संस्था दर्ता गरिने छैन।

ख. समयमै नवीकरण नगर्ने संस्थाले आफ्नो कोषबाट जरिवाना बुझाउनु पर्नेछ।

१५). समितिको विघटनः खेलकुद समितिहरु देहायको अवस्थामा विघटन हुन सक्नेछन्:

क. समितिका दुई तिहाई बहुमतले समिति विघटन गर्ने भनी निर्णय गरेमा,

ख. लगातार ५ वर्षसम्म संस्था नवीकरण नगरेमा,

ग. समितिका सम्पुर्ण पदाधिकारी तथा सदस्यहरु निष्कृय भएमा वा वेपत्ता भएमा,

१६) विघठित संस्थाको सम्पत्तिः विगठित भएको संस्थाको सम्पत्ति गाउँपालिकाको मातहतमा रहनेछ।

## परिच्छेद – ८
## विविध

१७.युवा तथा खेलकुद विकास समितिको छुट्टै छापः अनसूची-१ मा भए वमोजिम हुनेछ ।

क.कुनै विषयमा अस्पष्टता भई स्पष्ट पार्न परेमा विवाद भई अन्तिम निर्णय दिनु परेमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

१८. संसोधनः यस कार्यविधिलाई आवश्यकता अनुसार संशोधन र परिमार्जन गर्नुपरेमा गाउँ कार्यपालिकाले गर्न सक्नेछ।

१९. खारेजी र बचाऊः यस अघि प्रचलित खेलकुद सम्वन्धी निर्णय तथा नीति नियमहरु खारेज हुनेछ। यस अघि भएका खेलकुदका गतिविधीहरु र गरिएका कार्यहरु तथा गठन भएका उपसमिति, क्लव, संघ संस्था यसै कार्यविधि वमोजिम भएको मानिनेछ।

शिवराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्र कुमार
अध्यक्ष

अनुसूची– १
(दफा १७ सँग सम्वन्धित)

लोगो

युवा तथा खेलकुद विकास समिति
रौतामाई गाउँपालिका उदयपुर

आज्ञाले
लिलाराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

लिलाराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्र कुमार मगर
अध्यक्ष